आज मिति २०८० साल **असोज २८** गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

1. अध्यक्ष- आशा तामाङ
2. उपाध्यक्ष- सीता तामाङ
3. सदस्य- जिमा बहादुर तामाङ
4. सदस्य- सन्द विर तामाङ
5. सदस्य- हरि बहादुर तामाङ
6. सदस्य- कमल बहादुर तामाङ
7. सदस्य- जित बहादुर तामाङ
8. सदस्य- हरि कुमार तामाङ
9. सदस्य- सरु घले
10. सदस्य- टेक राज घले
11. सदस्य- सम्झना तामाङ
12. सदस्य- सिंगराम घले
13. सदस्य- गंगा तामाङ
14. सदस्य- कमला तामाङ
15. सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

**आमन्त्रित:**

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

**प्रस्ताव नं. १ – यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।**

**निर्णय नं. १** – म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**प्रस्ताव नं २ – दशैं तिहारको सार्वजनिक विदा आवधीमा रेखदेखमा खटाउने सम्बन्धमा।**

**निर्णय नं. २** – प्रस्ताव नं. २ उपर छलफल गर्दा आसन्न बडाँ दशैं तथा तिहारको लामो सार्वजनिक विदाँलाई मध्यनजर गरी गाउँपालिका कार्यालय, वडा कार्यालयको रेखदेखमा कर्मचारी खटाउने व्यवस्था गराउने तथा स्वास्थ्य संस्थाहरुको आकस्मिक कार्य संचालन तथा रेखदेखको लागि अ.हे.व. र अ.न.मी लाई कामकाजमा खटाउने साथै उक्त आवधीमा रेखदेख कामकाजमा खाटिने कर्मचारीलाई निजहरुको पारिश्रमिकको प्रति दिनको हिसाबले पारिश्रमिक दिने भनी निर्णय गरियो।

**प्रस्ताव नं ३ – थप सामरी स्वास्थ्य चौकीको लागि आवश्यक जग्गा सम्बन्धमा।**

**निर्णय नं. ३** – प्रस्ताव नं. ३ उपर छलफल गर्दा थप सामरी स्वास्थ्य चौकीको भवन निर्माणको लागि यस म्यागङ गाउँपालिका वडा नं ६ स्थित थप सामरी स्वास्थ्य चौकीको पुरानो भवन पूर्वमा, कुवा वन पश्चिममा, टावर डाँडा उत्तरमा र दल बहादुर तामाङको जग्गा दक्षिणमा यति चौहदी भित्र रहेको क्षेत्रफल ४-०-०-० रोपनी को सार्वजनिक जग्गामा निर्माण गर्ने र उक्त जग्गा स्वास्थ्य चौकी कै नाममा उपभोगका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं ४– देउराली प्राथमिक स्वास्थ्य केन्द्रको सुदृढीकरणको लागि प्राप्त शर्सत बजेट सम्बन्धमा।**

**निर्णय नं. ४** – प्रस्ताव नं. ४ उपर छलफल गर्दा आर्थिक बर्ष २०८०/०८१ मा बागमती प्रदेशबाट अन्तर सरकारी वित्तिय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमा हस्तान्तरण भएका सर्शत अनुदान अन्तर्गत स्वास्थ्य तर्फको कार्यक्रमका लागि रु. २५,००,०००/- भन्दा कम अनुदान प्राप्त अर्थात रु. २०,००,०००/- प्राप्त गर्ने स्थानीय तहको हकमा जनशक्ति राख्ने अनुदानबाट कम्तीमा १ जना मेडिकल अधिकृत र १ जना स्टाफ नर्सको तथा अन्य जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएकोमा यस नुवाकोट जिल्लाको म्यागङ गाउँपालिका अन्तर्गत यस देउराली प्राथमिक स्वास्थ्य केन्द्रमा कर्मचारीको दरबन्दी पदपूर्ति भएको र यतिवेला थप कर्मचारीको आवश्यकता नपरेका र यसै देउराली प्राथमिक स्वास्थ्य केन्द्रलाई भौतिक व्यवस्थापन, सुदृढीकरण तथा मर्मत सम्भार अति आवश्यक परेकाले सो सर्शत अनुदान बजेट शीर्षक परिवर्तनका लागि स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश समक्ष अनुरोध गर्ने भनी निर्णय गरियो।

प्रस्ताव नं ५– आर्थिक सहायता सिफारिस समिति गठन सैम्बन्धमा ।

निर्णय नं. ५ – प्रस्ताव नं. ५ उपर छलफल गर्दा म्यागङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को दफा ३ मा व्यवस्था भए बमोजिम आर्थिक सहायताका लागि प्राप्त निवेदनहरुको छनविन गरी योग्य लाभग्राही छनौट गरी सहायताका लागि सिफारिस गर्न तपशिलका पदाधिकारी रहने गरी आर्थिक सहायता सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

आर्थिक सहयता सिफारिस समिति

| | |
|---|---|
| श्री सीता तामाङ, उपाध्यक्ष | संयोजक |
| श्री सन्दविर तामाङ, २ नं. वडाध्यक्ष | सदस्य |
| श्री हरि बहादुर तामाङ, ३ नं. वडाध्यक्ष | सदस्य |
| श्री कमल बहादुर तामाङ, ४ नं. वडाध्यक्ष | सदस्य |
| श्री जित बहादुर तामाङ, ५ नं. वडाध्यक्ष | सदस्य |
| श्री हरि कुमार तामाङ, ६ नं. वडाध्यक्ष | सदस्य |
| श्री सिंगराम तामाङ, कार्यपालिका सदस्य | सदस्य |

प्रस्ताव नं ६ – हेबी इक्युप्मेन्टको दररेट सम्बन्धमा ।

निर्णय नं. ६- प्रस्ताव नं. ६ उपर छलफल गर्दा चालु आर्थिक बर्ष २०८०/०८१ मा तपशिलका हेबी इक्युप्मेन्टहरु देहाय बमोजिम भाडा दररेट कायम गर्ने निर्णय गरियो।

| क्र.सं. | हेबी इक्युप्मेन्टको नाम | दररेट (रु.) **VAT** बाहेक प्रति घण्टा | कैफियत |
|---|---|---|---|
| १. | **JCB** | रु. २,७००/- | |

प्रस्ताव नं ७ – प्रोत्सहन सम्बन्धमा ।

निर्णय नं. ७- प्रस्ताव नं. ७ उपर छलफल गर्दा वडा कार्यालयमा स्थायी वडा सचिव नहुँदा अन्य सेवाका कर्मचारीलाई वडा सचिवको थप जिम्मेवारी दिए बापत मासिक रु. ५,०००/- प्रोत्सहन उपलब्ध गराउने भनी निर्णय गरियो ।

प्रस्ताव नं ८ – खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय नं. ८- प्रस्ताव नं. ८ उपर छलफल गर्दा मिति २०८० भाद्र ०४ गतेका दिन यस गाउँपालिकाको सावरी साधन दुर्घटना भएबाट सिर्जित भएका खर्चहरु तथा अन्तर सरकारी निकाय एवंम् प्रदेश तथा संघीय माननीयज्यूहरुसँगको समन्वयत्मक भेटघाटमा भएको तपशिलका खर्चहरु अनुमोदन गरियो ।

१. नुवाकोट जिल्ला अदालतमा जमानत रकम रु. ६०,०००/-
२. सुखद पाहुना घर, विदुर ४, नुवाकोट – विल रकम रु. ५५,९३५/-
३. होटेल स्कुवर, विदुर २, नुवाकोट- विल रकम रु. १,४२,३८०/-

**प्रस्ताव नं ९ – सहकारी दर्ता सम्बन्धमा।**

**निर्णय नं. ९-** प्रस्ताव नं. ९ उपर छलफल गर्दा म्यागङ गाउँपालिका वडा नं. ४ बस्ने तेजेन्द्र तामाङ तदार्थ संचालक समितिको अध्यक्ष रहेको श्री ठुलो किम्ताङ बहुउद्देश्यीय सहकारी संस्था लि. लाई दर्ता गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं १० – भ्रमण आदेश सम्बन्धमा।**

**निर्णय नं. १०-** प्रस्ताव नं. १० उपर छलफल गर्दा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को दफा ७ (३) बमोजिम गाउँपालिका अध्यक्ष श्री आशा तामाङको आ.व. २०७९/०८० तथा चालु आ.व. २०८०/०८१ को साउन, भाद्रको भ्रमण आदेश अनुमोदन गरियो । साथै सो ऐन ले दिएको यस कार्यपालिकाको अधिकार स्थानीय संचालन ऐन, २०७४ को दफा १८ को (१) बमोजिम गाउँपालिका अध्यक्षको ३ दिन भन्दा बढीको भ्रमण आदेशको स्वीकृत गर्ने अधिकार गाउँपालिका अध्यक्ष श्री आशा तामाङमा प्रत्योजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ११ – अधिकार प्रत्योजन सम्बन्धमा।**

**निर्णय नं. ११-** प्रस्ताव नं. ११ उपर छलफल गर्दा म्यागङ गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ (ग) मा व्यवस्था भए अनुसारको अधिकार स्थानीय संचालन ऐन, २०७४ को दफा १८ को (१) बमोजिम यस गाउँपालिकाको अध्यक्ष श्री आशा तामाङलाई नै प्रत्योजन गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं १२ – योजना शीर्षक संशोधन सम्बन्धमा।**

**निर्णय नं. १२-** प्रस्ताव नं. १२ उपर छलफल गर्दा चालु आर्थिक बर्ष २०८०/०८१ को बार्षिक बजेटबाट विनियोजित तपशिलका योजना शीर्षकहरु तपशिल अनुसारको योजना शीर्षकमा संशोधन गरिने निर्णय गरियो । साथै आगामी गाउँ सभामा यस निर्णयलाई पेश गर्ने भनी निर्णय गरियो।

| क्र.सं. | बार्षिक बजेटमा समावेश योजना शीर्षक | संशोधन गर्नुपर्ने योजना शीर्षक | विनियोजित रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | नौधारा छ्युतमाने खानेपानी निर्माण, म्यागङ २ | नौधारा खानेपानी तथा गुवाती छ्युदा माणी खोर्लो निर्माण, म्यागङ २ | ३,००,०००/- | |
| २. | ग्युलमाने खानेपानी पाईप खरिद, म्यागङ २ | ग्युलमाने खानेपानी पाईप खरिद तथा शौचालय निर्माण, म्यागङ २ | २,००,०००/- | |
| ३. | कदम स्योङ गोरेटो बाटो निर्माण, म्यागङ ३ | कदम स्योङ खानेपानी निर्माण, म्यागङ ३ | १,००,०००/- | |

**प्रस्ताव नं १३ – रकमान्तर सम्बन्धमा।**

**निर्णय नं. १३-** प्रस्ताव नं. १३ उपर छलफल गर्दा तपशिल बमोजिमको योजना शीर्षकको रकम तपशिल अनुसार योजना शीर्षकमा रकमान्तर गर्ने भनी निर्णय गरियो।

| क्र.सं. | योजना शीर्षक | रकमान्तर रकम (रु.) | रकमान्तर योजना शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | झर्लङ बैकुण्ठे काप्रेबस मोटरबाटो निर्माण, म्यागङ ५ | ५,५०,०००/- | बज्रदेवी चट्टान कटान पञ्चयात भवन ढल निकासा | |

**प्रस्ताव नं १४ – बजेट माग गर्ने सम्बन्धमा।**

**निर्णय नं. १४-** प्रस्ताव नं. १४ उपर छलफल गर्दा यस गाउँपालिका वडा नं. ४ किम्ताङ र खनियाबास गाउँपालिका, धादिङ्ग जोड्ने "नुवाकोट धादिङ्ग जोड्ने अरेन ग्युङ खोला मोटरेबल पुल" निर्माणको लागि श्री बागमती प्रदेश सरकार समक्ष आवश्यक बजेट मागको लागि अनुरोध गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं १५ – सर्वसम्मतले पारित सम्बन्धमा।**

**निर्णय नं. १५-** प्रस्ताव नं. १५ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।